# सुनसरी जिल्लाको चिमडी -१ गडेरीमा महिलामाथि भएको ऋुर हिंसा र हत्याको घटनाका सम्बन्धमा स्थलगत प्रतिवेदन

## १. पृष्ठभूमि

मिति २०६३ साल पौष २६ गते सुनसरी जिल्लाको चिमडी गाविस वडा नं १ गडेरीमा स्थानीय महिला भुर्दी देवी पाल माथि अमानवीय, ऋुर तथा हिंस्रक तरिकाले महिलाको संवेदनशील (यौनाङ्गमा) अंगमा नुन खुर्सानी र अदुवाको धुलो कोचि दिनुका साथै कुटपिट गरी यातना दिई हत्या गरेको घटनाका सम्बन्धमा स्थानीय मानव अधिकारकर्मी रमेश भट्टराईले जानकारी गराउनु भएको थियो । यस सम्बन्धमा विभिन्न पत्रपत्रिका जस्तै गोरखापत्र २०६३ माघ २ गते, अन्नपूर्ण पोष्ट माघ १ गते, स्थानीय पत्रिका औजार दैनिक माघ १ गते, उदघोष दैनिक माघ १, ब्लाष्ट दैनिक माघ १ गते प्रकाशन भए पश्चात् स्थानीय मानव अधिकारवादी रमेश भट्टराईले घटनाको सम्बन्धमा प्रारम्भिक प्रतिवेदन समेत पठाउनु भएको थियो । उपरोक्त घटनाबाट महिलाको सम्मानपूर्वक बाँच्न पाउने अधिकार उल्लंघन हुनुका साथै महिलाको हत्या समेत भएकोले सन्धी अनुगमन समन्वय समिति ९ज्च्तऋऋ० को निर्णयअनुसार ऋभ्म्ब्ट ऋफक्षततभभ ले घटनाको सम्बन्धमा मिति २०६३ माघ ५ गतेदेखि ७ गतेसम्म स्थलगत अध्ययन गरेको थियो ।

## २. अनुगमनको उद्देश्य


प्रस्तुत घटनाको सम्बन्धमा स्थलगत अध्ययन गरी वास्तविक तथ्यको संकलन गर्ने र अध्ययनमा देखिएको निष्कर्षका आधारमा सरोकारवाला निकायको ध्यानाकर्षण गर्नु सो अध्ययन टोलीको समग्र उद्देश्य थियो ।

## ३. स्थलगत अध्ययनमा संलग्न टोलीको नामावली

| | | |
|---|---|---|
| १) | लोकहरि बस्याल | महिला, कानून र विकास मञ्च |
| २) | अनिता शाक्य | हिमराइट्स |
| ३) | रमेश भट्टराई | स्थानीय मानव अधिकारकर्मी, सदस्य |
| ४) | अजय चौधरी | अधिवक्ता कानून व्यवसायी, सदस्य, जिल्ला मानव अधिकार सञ्जाल |
| ५) | इश्वरचन्द्र ढुङ्गेल | अध्यक्ष, सिक्सा संस्था |

४. घटनास्थल

सुनसरी जिल्लाको इनरुवा नगरपालिकाबाट करिव १७/१८ कि.मी. दक्षिण पूर्व अवस्थित चिमडी गाविस गडेरीको पाटलटोल घटनाको अध्ययनस्थल थियो ।




मृतकको घर (सांकेतिक)

५. अनुगमन पद्धति

अध्ययन टोलीले अनुगमनको सिलसिलामा विभिन्न पद्धति अवलम्बन गर्नुको साथै घटनासँग सम्बन्धित विभिन्न पत्रपत्रिकाको प्रकाशित समाचारको संकलन गरी अध्ययन थियो ।

क) अवलोकन : अध्ययन टोलीको घटनास्थलको प्रत्यक्ष अवलोकन गर्ने घटनासँग सम्बन्धी व्यक्तिहरुसँग भेटघाट गर्ने कार्य गरेको थियो ।

ख) छलफल तथा भेटघाट : अध्ययन तथा अनुगमन टोलीले घटनासँग सम्बन्धित अनुसूचि १ मा उल्लेखित जानकार व्यक्तिहरुसँग प्रत्यक्ष भेटघाट गरी घटनाको सम्बन्धमा सोधपुछ गरी घटनाको सम्बन्धमा वास्तविक तथ्य संकलन गर्ने कार्य गरेको थियो ।

६. घटनाको सम्बन्धमा विभिन्न व्यक्तिहरुको भनाई

क) लिलादेवी पाल, वर्ष २७

लिला देवी पाल (मृतककी दिदी नाता पर्ने) का अनुसार २०६३ पौष २५ गते मंगलबारको दिन निज भूर्दिदेवी पाललाई सवानिया (सियावती), गुलाबदेवी पाल, भेखनी देवी पाल, देवुपाल गरी ४ जना महिलाले कुटपिट गरेको थाहा पाएका थियौं । कुटपिटको कारण के रहेछ भने प्रमोद पाल (गुलाबदेवी पाल जो अहिले प्रहरी हिरासतमा रहेकी छिन उनको छोरा) र सुधिर पाल (देवुपालको छोरा, उनी पनि हाल प्रहरी हिरासतमा छन्) समेत दुई किशोर युवकसँग बोलचाल

गरी यौन सम्पर्क गरेको भनी उपरोक्त महिलाहरुले सामुहिक रुपमा कुटपिट गरेका रहेछन् । पौष २६ गते बुधबारको दिन करिव १०।११ बजेको समयमा महिलाहरु सामुहिक रुपमा निज भुर्दिदेवी पाललाई कुटपिट गरी पिसेको खुर्सानी, अदुवा र नुनको धुलो यौनाङ्गमा/पाठेघरमा जबरजस्ती कोचिदिएछन् । तत्पश्चात् बहिनी भुर्दिदेवी पाललाई झुण्ड्याएका रहेछन् । उपरोक्त बमोजिम घटना सबभन्दा पहिला लेलु चौधरी र राजकुमार पालले देखेर गाउँमा हल्ला भएपछि करिव ४ बजे थाहा पाई घटनास्थलमा जाँदा मृतक भुर्दिदेवी पाल झुण्डीरहेको अवस्थामा थिइन । लिलादेवी पालले भनिन - तिनै ४ जना महिलाले नै भूर्दिदेवी पाललाई अमानवीय, क्रुर, हिंस्रक तरिकाले यातना दिई झुण्ड्याएर मारेका हुन् ।

ख) कैलुपाल, वर्ष ४२

कैलु  पाल मृतक भुर्दिदेवी पालको भिनाजु नाताका व्यक्ति हुन् । कैलुपालको घर भुर्दिदेवी पालको घरबाट करिव ५०० मिटर टाढा रहेको छ । घटना घट्दाको दिन पौष २६ गते घुमघामको लागि हाटबजारमा गएका रहेछन् । घटनाको सम्बन्धमा उनी भन्छन् - त्यस दिन बिहान सबनिया (सियावती), गुलावदेवी लगायतका ४ जना महिलाहरुले मृतक भूर्दिदेवी पाललाई कुटपिट गरी उनको संवेदनशिल यौनाङ्गमा अदुवा, खुर्सानी र नुन पिसेर कोचि निर्मम यातना दिएर झुण्ड्याएर मारेछन् । सोही दिन गाउँमा हल्ला भएपछि हेर्न जाँदा भूर्दिदेवी पाल मृत अवस्थामा झुण्डिरहेको थियो । उनका अनुसार मृतकका पाइतालले भुँइ छोई घुँडासम्म खुम्चिएको अवस्थामा रहेको थियो । तत्पश्चात पुलिसहरु आई घटनास्थल मुचुल्का खडा गरी पोष्टमार्टमको लागि कोशी अंचल अस्पताल विराटनगर लगेका थिए । पोष्टमार्टम पछि लास बुझी सनाखत गरेको कुरा बताए । उनका अनुसार मार्न पर्नाको कारण सम्बन्धमा जिज्ञासा राख्दा देवुपाल, गुलावदेवी पालका छोरा क्रमशः सुधिर पाल र प्रमोद पालसँग बोलचाल गरेकोले हाम्रा कुमार छोराहरुलाई यसले बिगारी यसलाई ठीक गर्नुपर्छ भनि पौष २५ गते मंगलबार कुटपिट गरेछन् । पौष २६ गते बिहान करिब १०।११ बजेतिर पुनः कुटपिट गरी निज भूर्दिदेवी पाललाई अमानवीय, हिंस्रक तरिकाले यातनापूर्वक मारेका हुन् । उनका अनुसार मृतक भूर्दिदेवी पाललाई निजको आमाले दोश्रो विवाह गरेपश्चात् आफूले सानैदेखिनै लालन पालन गरी विहावारी भएको हुँदा उनी रुँदै भने यो आफ्नो लागि असह्य पीडा भएको बताए । साथै अपराधी जो कोही भए पनि कडा भन्दा कडा कारवाही गर्नुपर्दछ भन्ने उनको भनाइ थियो ।

ग) सुमोद पाल



सुमोदपाल मृतक भूर्दिदेवीको करिव साढे दुई वर्षका छोरा हुन् । उनले आमालाई घरको आँगनमा कुटपिट गरी आमालाई मारेको कुरा बताए । टोलीले अन्य कुरा उनको उमेरको कारणले उनीसँग सोध्न सकेन । निजको बुबा अर्थात्

भूर्दिदेवी पालको श्रीमान गणेशपाल अध्ययन टोलीसँग सम्पर्कमा आउन चाहेनन् ।

घ) राजन पाल, वर्ष २२

पौष २६ गते अर्थात घटना घटेको अवस्थामा आफू सिमडी १ हटिया बजार घुम्न गएको बताए । सोही समयमा भूर्दिदेवी पाल झुण्डिएर मरी भन्ने हल्ला भएपछि फर्किएर घटनास्थल जाँदा मृतक भूर्दिदेवी पाल मृत अवस्थामा झुण्डिएको थियो । हेर्दा मृतकको पाइतालाले भुँई छोई घुँडासम्म खुम्चिएको अवस्थामा थियो । भूर्दिदेवी पाललाई गाउँका महिलाले अमानवीय तरिकाले यातना दिएको समेत बताए ।

ङ) निरादेवी पाल, वर्ष २३

निरादेवी पाल पालटोल गडेरीमा बस्दछिन् । उनी अहिले गर्भवती अवस्थामा छन् । घटनाको सम्बन्धमा उनि भन्छिन् - नाता सम्बन्ध केही नभए पनि भूर्दिदेवी पाल साथीको रुपमा राम्रो व्यवहार थियो । यही पौष २५ गते मंगलबार भूर्दिदेवीले कुटपिट गरेको बताइन तर किन कुटेको भन्दा उनले बताउन चाहिनन् (कारण के रहेछ भने भूर्दिदेवी पालसँग अवैध सम्बन्ध भएको भनिएको सुधिर पालसँग निज भूर्दिले रु. ५००।- लिएकी रहिछे सो कुरा निरापाललाई बताएपछि निराले सो कुरा ती महिलाहरु जसले भूर्दिको यो अवस्थामा पुऱ्याए उनीहरुलाई सुनाएकी रहेछिन) पौष २६ गतेका दिन करिब १०/११ बजेतिर आफ्नै (निरापाल) छोरीलाई गुलाबदेवी बोलाउन लगाइन तर आफु विरामी भएर सुतेको बताए पनि पछि आफू त्यहाँ गएको जानकारी गराइन् । निरा त्यहाँ जाँदा भूर्दिदेवीलाई सवानिया पाल, गुलावदेवी, भिखनी देवी देवुपालले संयुक्त रुपमा नुन खुर्सानी र अदुवा पिसेको धुलो निजको यौनाङ्गमा कोच्दै गरेका थिए र त्यसपछि मलाई पनि जबरजस्ती समातेर सोही धुलो लगाइ दिए । तत्पश्चात् खटाउन नसकेर घरमा आई ग्लुकोज पानी खाने आफ्नो यौनाङ्गमा छ्याप्ने काम गरेको बताइन । साथै आफ्नो यौनाङ्ग अत्यन्त पोल्ने गरेकोले छोरीलाई बाँसको पंखाले हम्किन लगाउने गरेको बताइन । भूर्दिदेवीलाई अमानवीय तरिकाले संवेदनशील अंगमा खुर्सानी, अदुवाको धुलो राखी सकेपछि निजकी जेठानी नाताकी सियावती देवीले तिम्रो लोग्नेलाई बोलाएपछि फैसला हुन्छ भनेको उनले सुनेको जानकारी गराइन । निराले झुण्ड्याएर मारेको सम्बन्धमा भूर्दिदेवी पीडा सहन नसकी आफै झुण्डिएको हुन सक्ने बताइन् ।

च) सुधिरपाल, वर्ष २२

सुधिर पाल देवु पालकी छोरा हुन् साथै भूर्दिदेवीको देवर नाता पर्दछन् । उनी करिव १५ दिन अगाडी पंजावमा मजदुरी गरी घर फर्किएको बताए । उनीले कक्षा ६ मा पढेर घरायसी अवस्थाले आफु कामको लागि पंजाव गएको समेत जानकारी गराए । भूर्दिदेवी पालको श्रीमान

र आफुसँगै पंजाबमा काम गर्ने भएकोले भूर्दिदेवीसँग बोलचाल भएको सुनाए । निजसँग बोलचाल तथा आउने जाने गरेकोले गाउँमा भूर्दिदेवीसँगको यौन सम्बन्ध रहेको भन्ने गलत आरोप लगाएको गुनासो पोखे । पौष २६ गते सोही घटना घट्दा आफु प्रकासपुर गएको र घटना भएको २ दिन पछिमात्र आफु घरमा फर्केकोले यौनाङ्गमा खुर्सानी र अदुवाको धुलो राखी दिएको सुनेको तर मृत्युको सम्बन्धमा भने आफुलाई यकिन जानकारी नभएको बताए । अध्ययनको सिलसिलामा अध्ययन टोलीले विभिन्न व्यक्तिहरुसँग अर्न्तक्रिया गर्दा भूर्दिदेवी पालसँग निजको अवैध सम्बन्ध रहेको भन्ने हल्लाका सम्बन्धमा उनी आफू अनभिज्ञ रहेको जानकारी गराए । निजसँग भूर्दिदेवीले रु. ५०० लिएको र अप्रत्यक्ष रुपमा घटनाको जरिया समेत देखिएकोले टोलीले सो सम्बन्धमा जानकारी लिएको थियो । निजले भूर्दिदेवी पालको श्रीमानले घर खर्चका लागि दिनु भनेकोले रु ५०० दिएको तर यसमा कुनै गलत नियत नभएको जानकारी गराएका थिए ।

छ) बच्चालाल पाल, करिब ५१ वर्ष

बच्चालाल पाल देवु पालको श्रीमान नाताका व्यक्ति हुन् । सो घटना हुँदा आफू काम गर्न खेतमा गएको बताए । साथै आफ्नो श्रीमति देबु पाल समेतले उनकै आँगनमा भूर्दिदेवी पालको यौनाङ्गमा खुर्सानी र अदुवा पिसेर जबरजस्ती कोचिदिएको जानकारी गराए । तर मृत्युको सम्बन्धमा आफूलाई जानकारी नभएको बताए ।

ज) राजकुमारी पाल

राजकुमारी पाल पालटोल गडेरीमा नै बस्दछिन् र भूर्दिदेवी पालकी छिमेकी हुन् । उनीले भनिन् - मृतक भूर्दिदेवीका बाख्राहरुले आफ्नो खेती खाइरहेकोले धपाउँदै ल्याई भूर्दिलाई किन अर्काको खेतबारीमा बाख्रा छोडिदिएको भनि गाली गर्न भनेर घरमा आउँदा भूर्दिदेवी पालको  ढोका बन्द रहेको अवस्था देखेको बताइन । भूर्दिलाई बोलाउँदा नबोले पछि ढोका माथिको झ्यालमा हेर्दा झुण्डिरहेको अवस्थामा देखेपछि गाउँमा हल्ला गरेको बताइन । टोलीले करिब २ बजेको समयमा झ्यालबाट चियाएर हेर्दा भित्र बाँसको बलो मात्र देखिने तर भित्र मान्छे रहेको नरहेको झुण्डिएको हो वा उभिएको हो सो कुरा खुट्याउन गाह्रो हुने देखिन्थ्यो ।

## सरोकारवाला निकायहरुसँगको भेटघाट तथा छलफल

झ) इलाका प्रहरी कार्यालय, चिमडी

घटनाको स्थलगत अध्ययन पश्चात् टोली इलाका प्रहरी कार्यालय चिमडीमा गएको थियो । इलाका प्रहरी कार्यालयमा प्रहरी निरिक्षकसँग भेट हुन सकेन । असई इश्वर भण्डारी र आसनारायण चौधरीका अनुसार पौष २६ गतेको घटना पश्चात् इलाका प्रहरी कार्यालयको प्रारम्भिक अनुसन्धान गरी माघ १ गते दुहवी इलाका प्रहरी कार्यालयमा पठाएको जानकारी गराइयो । इलाका प्रहरीमा अनुसन्धानका लागि हिरासतमा लिएका महिलाहरुले आफूले खुर्सानी र अदुवाको धुलो जबरजस्ती कोचिदिएको स्वीकार गरेको समेत जानकारी गराइयो । साथै इलाका प्रहरी कार्यालयले सशस्त्र द्वन्दको कारणबाट विगतमा इलाका प्रहरी कार्यालय त्यहाँबाट उठाइएकोले हालैमात्र पुर्नस्थापित इलाका कार्यालयले मुद्दाको कारवाही चलाउन अनुमति लिइ नसकेकोले मुद्दा नचलाएको र सो मुद्दा चलाउनका लागि इलाका प्रहरी कार्यालय दुवहीमा मुद्दाको अनुसन्धान फाइल र हिरासतमा लिइएका महिलाहरुलाई इलाका प्रहरी कार्यालय दुवहीमा पेश गरेको जानकारी गराइयो ।

ञ) इलाका प्रहरी कार्यालय, दुवही

अध्ययन टोली स्थलगत अध्ययन पश्चात् इलाका प्रहरी कार्यलय चिमडीबाट इलाका प्रहरी कार्यालय दुवही गएको थियो । सोही स्थानमा घटनासँग मुछिएका ४ जना महिलाहरु पनि राखिएको रहेछ । टोलीले प्रहरी निरिक्षक प्रल्हाद कुमार शाहसँग भेटी अनुसन्धानको स्थितिको सम्बन्धमा जानकारी लिने र घटनास्थलको अध्ययनको सम्बन्धमा सामान्य जानकारी गराउने कार्य गरिएको थियो । निरिक्षक शाहले इलाका प्रहरी कार्यालय चिमडीको अनुसन्धानको सम्बन्धमा पर्याप्त ध्यान नदिएको स्वीकार गर्नु भयो । साथै आफूले सो घटनाका सम्बन्धमा मुद्दाको गम्भिरतालाई नजिकबाट हेरी मुद्दा अगाडी बढाएको जानकारी दिनु भयो साथै प्रारम्भिक अनुसन्धानको लागि दिएको निवेदन बाहेक औपचारिक रुपमा जाहेरी पर्न नआएको समेत जानकारी गराउनु भयो । उहाँको कथन अनुसार जाहेरी पऱ्यो भने अनुसन्धान गर्न अझै सजिलो हुने थियो । प्रहरीको अनुसन्धान प्रतिवेदनको आधारमा ७ दिनको अदालतबाट म्याद थपेको जानकारी दिनु भयो ।

प्रहरी हिरासतमा लिएका महिलाहरुसँग भेटघाट

भूर्दिदेवी पाललाई क्रुर, हिंस्रक तथा अमानवीय यातना दिने महिलाहरु (सवनिया, गुलाबदेवी, भिखनीदेवी र देवु पाल) लाई अध्ययन टोलीले इलाका प्रहरी कार्यालय दुवहीमा सामुहिक भेटघाट गरेको थियो । भेटघाटमा महिलाहरुले खुर्सानी, अदुवा र नुन पिसेको धुलो भूर्दिदेवीको

यौनाङ्गमा कोचारिदिएको स्वीकार गरेका थिए तर निज भूर्दिदेवीलाई झुण्डाएर मारेको अस्विकार गरेका थिए ।



अनुसन्धानका लागि हिरासतमा लिइएका महिलाहरु

जिल्ला प्रहरी कार्यालय, इनरुवा, सुनसरी

टोलीले घटना तथा घटनाको स्थलगत अध्ययनको सम्बन्धमा एसएसपी यादव प्रसाद खनालसँग छलफल गरेको थियो । साथै टोलीले अनुसन्धानको सिलसिलामा सम्बन्धित निकायबाट भएका कमी कमजोरीहरुको सम्बन्ध जानकारी गराएको थियो । एसएसपी यादव खनालज्यूले अनुसन्धान संलग्न अधिकृतको लापरवाही भएको देखिएकोले कारवाहीको प्रकृया अगाडी बढाइसकेको समेत जानकारी गराउनु भयो । उहाँले अपराधीलाई कुनै हालतमा पनि छुट्न नदिने प्रतिबद्धता समेत गर्नुभयो ।

जिल्ला प्रशासन कार्यालय, इनरुवा, सुनसरी

अध्ययन टोलीले घटनाका सम्बन्धमा प्रमुख जिल्ला अधिकारी शारदा भक्त पौडेलसँग भेटघाट तथा छलफल गरिएको थियो । साथै घटनाका सम्बन्धमा सरोकारवाला निकायबाट अनुसन्धानको शिलसिलामा भएका कमी कमजोरीहरुको सम्बन्धमा जानकारी गराइएको थियो । उपरोक्त घटनालाई गम्भीरतापूर्वक लिई सम्बन्धित निकायलाई सशक्त परिचालन गरी अभियुक्तहरुलाई कानुनको दायरामा नै कडा भन्दा कडा सजाय गर्न पहल गर्नका लागि अनुरोध गरेको थियो ।

सरकारी वकीलको कार्यालय, इनरुवा, सुनसरी

अध्ययन टोलीले सरकारी वकील तेजनारायण पौडेलसँग भेटघाट गरी घटनाका सम्बन्धमा अवगत गराई उपरोक्त घटनाको अनुसन्धान तथा मुद्दाको प्रक्रियालाई शसक्त रुपमा अगाडि बढाउन अनुरोध गरेको थियो ।

निष्कर्ष तथा सुझाव :

१. मृतक महिला माथि स्थानीय चार जना महिलाले सामुहिक रुपमा क्रुर अमानवीय एंव हिस्रक तरिकाले यातना दिएको देखिन्छ ।

२. सोही यातना र हिंसाको कारणबाट महिला मारिएको छ ।

३. अनुसन्धानको सिलसिलामा प्रहरी प्रशासनबाट प्रारम्भिक चरणमा गरिने लाश जाँच मुचुल्का पोस्टमार्टम बाहेकका सम्बन्धित व्यक्तिलाई बुझ्ने, घटनाको सुक्ष्म रुपमा गरिनु पर्ने अनुसन्धान गरिएको पाइएन ।

४. सम्बन्धित प्रहरी इकाई चिमडीबाट अनुसन्धानको कार्यलाई प्रर्याप्त ध्यान नदिई पूर्ण बेवास्ता गरेको देखियो ।

५. घटना घटेको १० दिन बितिसक्दा पनि अनुसन्धान कार्यलाई शसक्त बनाउनु पर्नेमा सम्बन्धित निकायबाट पूर्ण लापरवाही भएको देखियो ।

६. उपरोक्त घटनाले संविधान, कानून तथा अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी महासन्धिद्वारा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने अधिकारको ठाडो उल्लंघन भएको छ । साथै यातना तथा अन्य क्रुर अमानवीय तथा अपमानजनक वा सजाय विरुद्धको अभिसन्धिद्वारा प्रदत्त यातना विरुद्धको अधिकार उल्लंघन भएको छ । यसैगरी बालबालिका सम्बन्धी महासन्धिद्वारा प्रदत्त उचित संरक्षण तथा पालनपोषणको अधिकारबाट नाबालक छोरा वन्चित रहनु परेको अवस्था छ ।

७. अतः अपराधमा संलग्न व्यक्तिहरुलाई कानुनको दायरामा ल्याई कडा भन्दा कडा कारवाही गरिनुपर्ने अध्ययन टोलीको निष्कर्ष छ ।

सुझाव

१. उपरोक्त घटनाबाट महिलाको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको ठाडो उल्लंघन भएको र महिलाको मृत्यु समेत भइसकेकोले सम्बन्धित निकायलाई सशक्त रुपमा परिचालन गरी घटनाको सूक्ष्म अध्ययन गरी अभियुक्तहरुलाई कानूनको दायरामा लिई

कडाभन्दा कडा कारवाही गर्नु पर्ने कानूनी राज्यको दायित्व हो । सरोकारवाला निकाय सचेत हुनु जरुरी छ ।

२. घटनाबाट पीडितको २ वर्षको छोरा अभिभावकविहिन भएकोले निजको शिक्षादीक्षा, पालनपोषणको लागि सम्बन्धित निकायहरुले पहल गर्नु पर्ने ।

३. अनुसन्धान लापरवाही गर्ने सम्बन्धित निकाय व्यक्तिहरुलाई विभागीय कारवाही गर्नुपर्ने ।

अनुसूचि १

| क्र.स. | नाम | कार्यालय |
|---|---|---|
| १. | लिलादेवी पाल | |
| २. | कैलु पाल | |
| ३. | सुमोद पाल | |
| ४. | राजन पाल | |
| ५. | निरादेवी पाल | |
| ६. | सुधिर पाल | |
| ७. | बच्चालाल पाल | |
| ८. | राजकुमारी पाल | |
| ९. | असई इश्वर भण्डारी र आसनारायण चौधरी | इलाका प्रहरी कार्यालय, चिमडी |
| १०. | प्रल्हाद कुमार शाह | इलाका प्रहरी कार्यालय, दुवही |
| ११. | एसएसपी यादव प्रसाद खनाल | जिल्ला प्रहरी कार्यालय, इनरुवा, सुनसरी |
| १२. | प्र.जि.अ. शारदा भक्त पौडेल | जिल्ला प्रशासन कार्यालय, इनरुवा, सुनसरी |
| १३. | सरकारी वकिल तेजनारायण पौडेल | सरकारी वकीलको कार्यालय, इनरुवा, सुनसरी |

# सुनसरी जिल्लाको चिमडी -१ गडेरीमा महिलामाथि भएको क्रुर हिंसा र हत्याको घटनाका सम्बन्धमा स्थलगत प्रतिवेदन



*मृतक भूर्दिदेवी पालकी २ वर्ष  ६ महिनाको छोरा सुमोद पाल*

**२०६३ माघ ५- ७ गते**

(HRTMCC)

CEDAW Committee